SAMYE

# मिफाम रिन्पोछेको उपदेशका मूल बुँदा



नजिक तथा टाढा रहनु भएका प्रिय मित्रहरू,

आशा छ सधैं झैँ यस पत्रले तपाईंलाई खुसी र स्वास्थ पाउने छ। आजको गुरु रिन्पोछे दशमीमा 'सञ्चय गर्नु पर्ने र त्याग गर्नु पर्ने' विषयमा मिफाम रिन्पोछेले दिनु भएको उपदेशबाट केही महत्त्वपूर्ण हरफहरू तपाईँहरू सामु प्रस्तुत गर्न चाहन्छु।

सर्व प्रथम त:

"सञ्चय" भन्नाले नैतिक व्यवहार:
दश कुशल कर्मको पालना गर्नु, हेतु-फलमा विश्वास हुनु, आफ्नो लक्ष्य पूरा गर्नु
र सबै भन्दा महत्त्वपूर्ण चाहिँ
परहितको कार्य हो, जसमा यो जन्म र पछिका जन्मसम्म पनि निरन्तर अग्रसर रहनु पर्छ।

"त्यानु"ले अनैतिक व्यवहारलाई जनाउँदछ:
स्वार्थी उद्देश्य, मृषावाद, छलकपट र कुरा लुकाउनु;

हेतु-फल नबुझेर अरुलाई हानि गर्नु —
यसरी त यस जन्ममा दुःख र पछिको जन्म नरक पाइन्छ।

थप:

आफ्नो चित्तलाई वशमा राख्नु अति महत्त्वपूर्ण छ।

अन्तत:

हृदयको भित्री गहिराइ देखि
तिव्र प्रतिज्ञाका साथ
गुरु, त्रिरत्न, इष्टदेव र धर्मपालहरू
तथा महा ओर्ग्येन्को प्रार्थना गर,
उहाँहरू भन्दा छैन अरू शरण क्षेत्र
यस कलि युगमा।

यी हरफहरूले मलाई विशेष प्रेरणा प्रदान गर्दछ। मेरो चाहना छ कि तपाईँहरूले पनि यी हरफको चिन्तन गर्नु हुनेछ र मनमा लिनु हुनेछ।

मैत्री पूर्वक,
सर्व मङ्गलम,



फाग्छोग रिन्पोछे